नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

## नेपाल बैंक लिमिटेडको मिति २०७७ पौष २९ गते बुधबारका दिन सम्पन्न भएको ६१ औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

नेपाल बैंक लिमिटेडको ६१ औं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूको सभापतित्वमा मिति २०७७ पौष २९ गते बुधबार तदानुसार १३ जनवरी २०२१ का दिन प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट र भर्चुअल (Zoom) मार्फत दिनको ११:०० बजे शुरु भई दिउँसो २:०० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण निम्नानुसार प्रकाशित गरिएको छ ।

### १. सभाको सूचना जारी :

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको २०७७ पौष ७ गते मंगलबार बसेको छब्बिसौं बैठकले बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट र भर्चुअल (Zoom) मार्फत बैंकको ६१ औं वार्षिक साधारण सभा मिति २०७७ पौष २९ गते बुधबार दिनको ११:०० बजे बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि ६१ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०७७ पौष ८ गतेको "गोरखापत्र" दैनिक, मिति २०७७ पौष ९ गतेको "अन्नपूर्ण पोष्ट" दैनिक लगायत बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको ।

भर्चुअल (Zoom) माध्यमबाट शेयरधनी महानुभावहरुको अधिकतम सहभागिता होस् भन्ने उद्देश्यले बैंकले आफ्नो वेभसाइटमा समेत साधारण सभामा सहभागिता सम्बन्धी अलग्गै पोर्टल निर्माण गरी सभामा सहभागी हुन चाहने शेयरधनी महानुभावहरुको विवरण रजिष्टर्ड गर्ने व्यवस्था गरिएको । साथै, सभामा सहभागी हुन चाहनु हुने शेयरधनी महानुभावको इमेल/मोबाइल नम्बरमा वेविनारको ID र Passcode समेत पठाई सहभागी हुने व्यवस्था मिलाइएको ।

### २. छलफलका विषयहरु :

#### क. सामान्य प्रस्तावहरु :

१. आ.व. २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.११,२८,२८,२०,२००/- को ४ (चार) प्रतिशतका दरले हुन आउने रु.४५,१३,१२,८०८/- (अक्षेरुपी पैंतालिस करोड तेह्र लाख बाह्र हजार आठ सय आठ) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

नेपाल बैंक लिमिटेड
संचालक समिति
प्रधान कार्यालय, काठमाडौं

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.११,२८,२८,२०,२००/- को १२ (बाह्र) प्रतिशतका दरले हुन आउने रु.१,३५,३९,३८,४२४/- (अक्षेरुपी एक अर्ब पैंतिस करोड उन्चालिस लाख अड्तिस हजार चार सय चौविस) रकम बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनश शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१२,६३,६७,५८,६२४/-(अक्षेरुपी बाह्र अर्ब त्रिसठ्ठी करोड सतसठ्ठी लाख अन्ठावन्न हजार छ सय चौविस) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने ।

२. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. उपस्थिति :**

**३.१ सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री वासुदेव अधिकारी | अध्यक्ष |
| २. | श्री दीपेन्द्र विक्रम थापा | स्वतन्त्र सञ्चालक |
| ३. | श्री केदार प्रसाद पनेरु | सञ्चालक |
| ४. | डा. सावित्री रञ्जित श्रेष्ठ | सञ्चालक |

**३.२ पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री कृष्णबहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री समता पन्त | नि. नायब प्रमुख कार्यकारी अधिकृत |

**३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :**

| | | |
|---|---|---|
| १. | श्री श्रीराम शर्मा | लेखा अधिकृत<br>महालेखा नियन्त्रक कार्यालय, मानवश्रोत विकास, योजना तथा अनुगमन शाखा<br>(प्रतिनिधि, शेयरधनी नेपाल सरकार) |

## ४. गणपूरक संख्या तथा शेयरधनीहरुको उपस्थिति :

| विवरण | कुल संख्या | जम्मा उपस्थित | | | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् उपस्थिति | भर्चुअल (Zoom) | प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित | ७६।१५ प्रतिशत |
| शेयरधनीको संख्या | ५४,६८५ | ९१ | ८० | ६३९ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ११,२८,२८,२०२ | ६,९५,८९,१०३ | ६,१६,२०६ | १,५७,०८,२९३ | |

## ५. सभाको वैधानिकता र सभापतित्व :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले सभा स्थलमा स्वयम् उपस्थित र भर्चुअल (ZOOM) मार्फत सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्नुभयो । उहाँले कारोना भाइरस (COVID-19) संक्रमणको जोखिमलाई मध्यनजर गरी नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै भर्चुअल (ZOOM) माध्यमबाट सभामा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गरिए अनुरुप साधारण सभाको प्रसारण ZOOM प्रविधिबाट समेत गर्ने व्यवस्था मिलाइएको जानकारी गराउनुभयो । साथै, सभा स्थलमा स्वयम् उपस्थित शेयरधनी महानुभावहरुलाई अर्को हलमा बस्ने र आफ्नो सुझाव राख्ने व्यवस्था मिलाइएको जानकारी गराउनु भयो ।

त्यस्तै, कम्पनी सचिवले कम्पनीको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार साधारण सभाको लागि गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप शेयरधनीको उपस्थितिले आजको सभाको गणपूरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनु भयो ।

तत् पश्चात कम्पनी सचिवले सभालाई औपचारिक रुपमा अगाडि बढाउने क्रममा साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूलाई अनुरोध गर्नुभयो । साथै, कम्पनी सचिवले बैंकको सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारीहरु, प्रतिनिधि तथा पर्यवेक्षकहरु, शेयर रजिष्ट्रारका प्रमुख कार्यकारी अधिकृत र बाह्य लेखापरीक्षकहरुलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागिताका लागि अनुरोध गर्नुभयो ।

आसन ग्रहण र राष्ट्रिय गानको कार्यक्रम पश्चात पानसमा बत्ती बालेर ६१ औं वार्षिक साधारण सभाको समुदघाट्न बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री वासुदेव अधिकारीज्यूले गर्नुभयो ।

तत् पश्चात कम्पनी सचिवले सभामा छलफल हुने सामान्य तथा विशेष प्रस्तावहरुको जानकारी सभा समक्ष गराउनु भयो र सञ्चालक समितिको तर्फबाट ६१ औं वार्षिक साधारण सभामा अध्यक्षको

नेपाल बैंक लिमिटेड संचालक समिति प्रधान कार्यालय, काठमाडौं

मन्तव्य तथा सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

## ६. प्रतिवेदनको प्रस्तुति :

सभाका सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीले सहभागी सबै शेयरधनी महानुभावहरु, प्रतिनिधि, पर्यवेक्षक तथा पत्रकारहरु, शेयर रजिष्ट्रारका प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षकहरु, नियमनकारी निकायका प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत अभिवादन व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट ६१ औं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, ६१ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्तावहरु आवश्यक छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई अनुरोध समेत गर्नुभयो ।

## ७. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरु :

६१ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव तथा विषयहरु उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नामावली :

सभा स्थलमा स्वयम् उपस्थित भई छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरु :

१. निर बहादुर बुढाथोकी

२. विष्णु कुमार अग्रवाल

३. विवेक शम्शेर ज.ब.रा.

४.श्रीराम शर्मा

भर्चुअल (ZOOM) मार्फत छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरु :

१. ओम कृष्ण श्रेष्ठ (सर्वसाधारण शेयरधनी संगठित संस्था श्री कर्मचारी सञ्चय कोषको तर्फबाट)

२. शिव प्रसाद पौडेल

३. अर्जुन कुमार ढुंगेल

## ८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञासा एवम् सुझावको सारांश :

छलफलका कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले कोरोना माहामारीको कारण लाभांश केही न्यून भएतापनि प्रतिस्पर्धात्मक लाभांशका लागि धन्यवाद दिनुभयो । साथै, ६१ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै निम्न बमोजिमका जिज्ञासा एवम् सुझाव व्यक्त गर्नुभयो ।

- व्यावसायिक समुदायको चाहना बुझ्दै बैंक र व्यावसायिक समुदायलाई सँगै लैजाने सुझाव ।
- बैंक तथा शेयरधनीको Value Maximization गर्ने दिशामा अगाडि बढ्ने सुझाव ।
- प्रविधिमैत्री सेवामा जोड दिँदै युवा पुस्तालाई बैंकमा आकर्षित गर्ने सुझाव ।
- प्रविधिको उपयोग बढेसँगै उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न सुझाव ।
- नगद र ग्रैह नगद लाभांशको मिश्रण सहितको लाभांश दिन सुझाव ।
- कर्मचारीहरुलाई उचित तालिम तथा वृत्ति विकासका अवसर प्रदान गर्दै ग्राहक सम्बन्ध मजबुत बनाउने सुझाव ।

नेपाल बैंक लिमिटेड संचालक समिति प्रधान कार्यालय, काठमाडौं

- अघिल्लो साधारण सभामा समेत उल्लेख भएको स्थिर सम्पत्तिको Coding गर्ने कार्यमा भएको प्रगति सम्बन्धी जिज्ञासा ।
- बैंकको स्थिर सम्पत्तिको अधिकतम उपयोग गर्न सुझाव ।
- YouTube को उपयोगबाट बैंकिङ्ग/वित्तीय साक्षरता अभिवृद्धि गर्ने तथा तेस्रो पक्ष मार्केटिङ्गमा जोड दिने सुझाव ।
- बैंकको Application लाई थप प्रतिस्पर्धी बनाउने सुझाव ।
- भर्चुअल रुपमा साधारण सभामा सहभागी हुने वातावरण निरन्तर रुपमा जारी राख्ने सुझाव ।

यस्तै, शेयरधनी श्री नरसिंह लाल चखूंले लिखित रुपमा सभामा आफ्नो सुझाव पठाउनु भएको थियो ।

## ९. शेयरधनीहरुको जिज्ञासा एवम् सुझाव उपर प्रतिउत्तर :

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षले छलफल कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले बैंकको उन्नति, प्रगति र दिगो विकासका लागि दिनुभएका विभिन्न अमूल्य सुझाव तथा सल्लाहका लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै, शेयरधनी महानुभावहरुले राख्नुभएका सुझाव तथा सल्लाहहरु क्रमशः कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै शेयरधनी महानुभावहरुले राख्नु भएका जिज्ञासाहरुलाई निम्न बमोजिम सम्बोधन गर्नुभयो ।

- बैंक र व्यवसायिक समुदायलाई सँगै लैजान हरसम्भव प्रयास गरिने विश्वास दिलाउनु भयो ।
- बैंक तथा शेयरधनीको Value Maximization गर्ने दिशामा बैंक लागिरहेको जानकारी गराउनु हुँदै सोही दिशामा बैंक थप अगाडि जाने विश्वास सभालाई दिलाउनु भयो ।
- नविनतम प्रविधिमा जोड दिँदै युवा पुस्तालाई बैंकमा आकर्षित गर्ने तर्फ काम शुरु भएको जानकारी गराउनु हुँदै थप ध्यान दिने विश्वास सभालाई दिलाउनु भयो ।
- प्रविधिको उपभोगमा बढोत्तरी भएसँगै आइपर्ने जोखिम न्यूनिकरणका लागि विशेष ध्यान दिइने विश्वास दिलाउनु भयो ।
- शेयरधनीहरुलाई नगद र ग्रैह नगद मिश्रण सहितको दिगो लाभांश दिने दिशामा बैंक अगाडि बढेको विश्वास दिलाउनु भयो ।
- कर्मचारीहरुको व्यवहार तथा ग्राहक सम्बन्ध सुधार गर्न बैंक सचेत रहेको जानकारी गराउँदै क्रमशः सुधार गदै लैगिने विश्वास सभालाई दिलाउनु भयो ।
- सम्पत्तिको Coding गर्ने कार्य जारी रहेको तथा बैंकको स्थिर सम्पत्तिको अधिकतम उपयोग गर्न एक समिति बनाई अध्ययन गरी अगाडि बढ्ने प्रतिबद्धता जनाउनु भयो ।
- YouTube को उपयोगबाट बैंकिङ्ग/वित्तीय साक्षरता अभिवृद्धि गर्ने दिशामा अगाडि बढ्ने जानकारी गराउँदै तेस्रो पक्ष मार्केटिङ्गमा लाग्ने नियमनकारी निकायको स्वीकृति आवश्यक रहेको जानकारी गराउनु भयो ।
- बैंकको Application लाई थप प्रतिस्पर्धी बनाउने दिशामा अघि बढ्ने विश्वास सभालाई दिलाउनु भयो ।
- भर्चुअल रुपमा साधारण सभामा सहभागी हुने वातावरण निरन्तर रुपमा जारी राखिने विश्वास दिलाउनु भयो ।

नेपाल बैंक लिमिटेड संचालक समिति प्रधान कार्यालय

## १०. सभाको निर्णय :

सामान्य प्रस्ताव तर्फ :

१. आ.व. २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.११,२८,२८,२०,२००/- को ४(चार) प्रतिशतका दरले हुन आउने रु.४५,१३,१२,८०८/- (अक्षेरुपी पैंतालिस करोड तेह्र लाख बाह्र हजार आठ सय आठ) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लागि चार्टर्ड एकाउण्टेन्ट त्रय श्री नरेन्द्र भट्टराई, श्री जगन्नाथ उपाध्याय र श्री मुकुन्द महतलाई लेखापरीक्षक नियुक्त गर्ने र प्रत्येकलाई रु.६,८७,५००/- (भ्याट बाहेक) का दरले पारिश्रमिक भुक्तानी दिने प्रस्ताव सर्वसम्मत स्वीकृत भयो ।

५. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम मतदान प्रकृयाबाट सम्पन्न भई ३ (तीन) जना सञ्चालक निर्वाचित हुनुभयो । (विस्तृत बुँदा नं. ११)

विशेष प्रस्ताव तर्फ :

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.११,२८,२८,२०,२००/- को १२(बाह्र) प्रतिशतका दरले हुन आउने रु.१,३५,३९,३८,४२४/- (अक्षेरुपी एक अर्ब पैंतिस करोड उन्चालिस लाख अड्तिस हजार चार सय चौविस) रकम बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनश शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी रु.१२,६३,६७,५८,६२४/-(अक्षेरुपी बाह्र अर्ब त्रिसठ्ठी करोड सतसठ्ठी लाख अन्ठावन्न हजार छ सय चौविस) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

साधारण सभामा पेश भएका सञ्चालकको निर्वाचन वाहेकका उपर्युक्त प्रस्तावहरु सर्वसम्मतिबाट पारित भए पश्चात सभाका सभापतिले सभामा सहभागी भई साधारण सभालाई सफल पार्न सहयोग गर्नुहुने शेयरधनी तथा सहभागी सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै सभामा पेश भएका सामान्य प्रस्तावको बुदा नं ५ को बैंकको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचनका लागि मतदान

नेपाल बैंक लिमिटेड सञ्चालक समिति प्रधान कार्यालय, काठमाडौं

कार्यक्रम प्रारम्भ हुने जानकारी गराउनु भयो । सभापतिले सञ्चालक निर्वाचनको प्रकृयामा सहभागी भइदिन सम्पूर्ण शेयरधनी महानुभावलाई अनुरोध गर्नुभयो ।

**११. निर्वाचनबाट सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालक निर्वाचित :**
बैंकको नियमावलीको नियम २६ को उप नियम २ (ख) बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम र मतदान प्रकृया सम्बन्धी जानकारी गराउँदै मतदान र मतगणना कार्य समेत सम्पन्न भएको जानकारी निर्वाचन अधिकृत श्री विद्याकान्त अधिकारीले गराउनु भयो । निर्वाचन अधिकृतले सञ्चालक पदमा उम्मेदवारी दिनुभएका ४ (चार) जना उम्मेदवारहरुमध्ये सबैभन्दा बढी मत ल्याउन सफल श्री विवेक शमशेर ज.ब.रा.ले ६४,२२,७४६ मत, श्री विष्णु कुमार अग्रवालले ६१,०२,७४४ मत र कर्मचारी सञ्चय कोषका प्रतिनिधि श्री ओम कृष्ण श्रेष्ठले ५७,८५,०७५ मत प्राप्त गरी सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता श्री विद्याकान्त अधिकारीले सभा समक्ष गर्नुभयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**
अन्त्यमा, सभाका सभापतिले सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित सञ्चालकज्यूहरुलाई बधाई दिनुहुँदै बैंकप्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडियस एण्ड क्लियरिङ लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, बैंकका सम्पूर्ण कर्मचारीहरु तथा बैंकसँग प्रत्यक्ष वा परोक्ष रुपमा हित गाँसिएका संघ संस्था तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन गर्नुभयो ।

( केशव प्रसाद भण्डारी )
सचिव

नेपाल बैंक लिमिटेड सञ्चालक समिति प्रधान कार्यालय, काठमाडौं

( वासुदेव अधिकारी )
अध्यक्ष